PAKSAM
An exclusive centre for animal lovers
3592280389 (Deorali)
03595276376 (Jorethang)
3592203012 (Gangtok)
03592280016 (Tadong)
9832093745 (Namchi)
www.paksamgroup.com

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

SIKKIM SUPER 30
Admission in Class XI (Arts/Sc/Com) CBSE
Regular Class with Practical (During day) Lab equipped with modern Equipment's
NEET/JEE/ & other Medical/Engg Coaching regularly (Morning& Evening)
Coaching for CDS/NDA/CA &Competitive Exams
Best Faculty from reputed Institutes
Boarding Compulsory
Contact: 8391808413

वर्ष - १८, अंक - १५ ■ वि.सं. २०७३, चैत ०६ गते ■ गान्तोक, आइतवार १९ मार्च, २०१७ ■ www.hamroprajashakti.com ■ MARCH 19, 2017, SUNDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## २००७ -मा गोर्खाल्याण्डको मार्गमा छैटौं अनुसूची बाधा थियो

# २०१७ मा जीटीए बाधा : प्रा. मनीष तामाङ

**दार्जीलिङ, १८ मार्च।** २००७ सालमा गोर्खाल्याण्डको मार्गमा छैटौं अनुसूची बाधा भएको थियो भने अहिले २०१७ मा गोर्खाल्याण्डको मार्गमा जीटीए बाधा भएको भारतीय गोर्खा परिसंघका उपाध्यक्ष प्रा.मनीष तामङले बताए। स्थानीय गोर्खा दुःख निवारक सम्मेलन भवनमा गोरामुमोले ओयोजना गरेको छैटौं अनुसुचीबारे दुइ दिवसीय राष्ट्रिय सेमिनारको शनिवार अन्तिम दिन छैटौ अनुसूचीमा वार्ता प्रस्तुत गर्दै प्रा. मनीष तामङले उपर्युक्त कुरा भने। प्रा. तामङले २००५ सालमा गोरामूमोको संस्थापक अध्यक्ष सुवास घिसिङ देशको उतर-पूर्वी राज्यहरूमा लागू गरिएको छैटौं अनुसूची दार्जीलिङका लागि सही मान्दै समझौता गर्न सफल भएका थिए अनि त्यो तिनको कुशल राजनीतिज्ञको परिचय थियो



भन्दै तर त्यसको लगत्तै २००७ सालमा छैटौं अनुसूचिको विरोध हुँदा संसदमा छैटौं अनुसूचीको बील पारित भएन र संसदीय समितिमा पठाउने काम भएको जनाए। त्यसको मुख्य कारण दार्जीलिङका जनताका लागि २००५ सालमा सरकारले छैटौं अनुसूचीको सम्झौता गऱ्यो तर दुइ सालसम्म सरकारले त्यसलाई संसदमा पारित नगराए चूप लागेर बस्यो अनि जब २००७ सालमा छुट्टै राज्य गोर्खाल्याण्डको आवाज उठ्न थाल्यो तब सरकारले हतार-हतार छैटौं अनुसूचीको फाइल निकालेर संसदमा ल्याउने प्रयास गरयो, त्यसो हुँदा गोर्खाल्याण्डको मार्गमा छैटौ अनुसूची बाधा हो भन्ने कुरा दार्जीलिङका राजनैतिक दलहरू, समाजिक संघ-संस्था आदिले बताउन थाले अनि यस विषयमा संसदीय समितिले डाकेको बैठकमा पनि छैटौं अनुसूची होइन गोर्खाल्याण्ड दिनुपर्छ भन्ने कुरा राखेका थिए अनि तीमध्ये आफू पनि एउटा रहेको मनीष तामङले बताए।

छैटौं अनुसूचीको समझौता गरेर त्यसलाई संसदमा पारित गराउनमा सरकारको ढिलाईको कारणले नै छैटौं अनुसूची बन्न नसकेको हो भन्ने कुरा गोरामुमो संस्थापक अध्यक्ष सुवास घिसिङले पनि स्वीकारेका थिए भन्दै तामङले २००७ सालमाको जनताले विरोध गरेको छैटौं अनुसूचीलाई अहिल २०१७ सालको जनताले समर्थन गर्ला के? भन्ने प्रश्न पनि रहेको बताए। तर जुन पार्टी छैटौ अनुसूची गोर्खाल्याण्डको मार्गमा बाधा हो भन्दै करायो त्यही राजनैतिक दलले छैटौं

▶रहल पाता २-मा

## अवसर र सहुलियतलाई विकासमा परिणत गर्नुपर्छः मुख्यमन्त्री

**गान्तोक, १८ मार्च।** चार दिवसीय बजेट सत्र आज समाप्त भयो। आफ्नो धन्यवाद ज्ञापन प्रस्तुत गर्ने क्रममा सदनका नेता तथा मुख्यमन्त्री पवन चामलिङले देशमा सम्भवत: यो सबैभन्दा छोटो बजेट सत्र रहेको बताए। उनले हामीलाई सिक्किमको विकास गर्न हतार छ यसकारण छिटोभन्दा छिटो बजेट सत्र सम्पन्न गरेर सिक्किमको विकासको निम्ति काम गर्न चहान्छौ भने। विगत २३ वर्षमा एसडीएफ सरकारले सिक्किमलाई देशकै सर्वश्रेष्ठ राज्य बनाएको बताउँदै अब सिक्किमलाई विश्वकै श्रेष्ठ राज्य बनाउन निरन्तर खटिरहने प्रतिबद्धता प्रकट गरे। सिक्किमले विकासको स्तर कायम राखेको र यसलाई निरन्तरता दिने जिम्मेदारी सबैको रहेको बताए। सिक्किम आज एउटा अनुकरणीय राज्य बनेको छ भन्दै सिक्किममा विकासको गतिलाई अझ बढाउनु पर्नेछ भने। सिक्किमले देशलाई धार्मिक पर्यटन, ग्रामीण पर्यटन, जैविक खेती, होमस्टे पर्यटनको विचार दिएको उनले दाबी पनि गरे। मुख्यमन्त्री चामलिङले पर्यावरणमैत्री कार्यको निम्ति सिक्किम विश्वकै नेता रहेको बताए। आज पारित भएको बजेट चाँडोभन्दा चाँडो जनतासमक्ष विकासको रूपमा पुगेको



हुनुपर्छ भने। जनताले बजेट अनुभव गर्नु सक्नुपर्छ र यसलाई कार्यान्वयन गर्ने जिम्मेदारी विभागीय अधिकारीहरूको रहेको उनले बताए। तर, विगतका वर्षहरूमा बजेटमा पारित गरिएका धेरै परियोजनाहरू अझै पनि थाँतीमै रहेकोमा दुःख प्रकट गरे। फोक हिलर सेन्टर, रक स्क्ल्पचर, शहीद ग्राम, शक्ति स्थल आदि निर्माणको निम्ति बजेट समेत आवण्टन भएको भए पनि अहिलेसम्म यस दिशामा काम नभएको बताए। विकास कार्यमा यसरी ढिलाइ गरिए सिक्किम आफुहरूले चाहे जस्तो बन्न नसक्ने उनले बताए। उनले यी विकास कार्यहरू एसडीएफको निम्ति नभएर सिक्किम अनि राष्ट्र निर्माणको निम्ति रहेको बताए। उनले राज्यमा चालू परियोजनाहरू यसै वर्षभित्र पूरा गर्ने बताए। सरकारले जनतालाई अवसर अनि सहुलियत दिने कार्य गरिरहेको छ भने अब जनताले यसलाई

▶रहल पाता २-मा

## वित्तीय वर्ष २०१७-१८ को निम्ति ६३६४.०२ करोड रुपियाँको बजेट पारित

**गान्तोक, १८ मार्च।** सिक्किम विधान सभाको चार दिवसीय बजेट सत्र आज शनिबार समाप्त भयो। बजेट सत्रको आज अन्तिम दिन वित्तीय वर्ष २०१७-१८ को निम्ति बजेट पारित गरियो। मुख्यमन्त्री तथा वित्त, राजस्व एवं व्यय विभागका प्रभारी मन्त्री पवन चामलिङले गत १६ मार्चको दिन वित्तीय वर्ष २०१७-१८ को निम्ति ६३६४.०२ करोड रूपियाँको बजेट प्रस्तुत गरेका थिए। प्रस्तुत बजेटमाथि हिजो शुक्रबार सदनमा बहस भएको थियो। यसरी नै आज विभिन्न विभागीय अनुदान मागहरू पनि पारित गरियो।

## नाबालिक अपहरण काण्डः दोस्रो आरोपी पनि पक्राउ

**गान्तोक, १८ मार्च।** पूर्व सिक्किमको नामलीबाट एक नाबालिकलाई अपहरण गरी दिल्लीमा लगेर बिक्री गरेको आरोपीमा पुलिसले दोस्रो आरोपीलाई पनि पक्राउ गरेको छ। पाकिम पुलिसले शनिवार बिहान आरोपी लाक्पा शेर्पा (२८) लाई पाकिम-छलमथाङबाट पक्राउ गरेको छ। आरोपीलाई बहिनीको घरबाट पक्राउ गरिएको बताइएको छ। पुलिस सूत्र अनुसार रानीपुल पुलिसले ५ अगस्त, २०१६ को दिन आरोपी पेमा डोमा छेत्री (शेर्पा) लाई पक्राउ गरेको थियो भने अर्का आरोपी लाक्पा शेर्पा बेपत्ता बनेका थिए। आरोपीहरूले मई २०१६ मा नाबालिकलाई दिल्लीमा लगेर बिक्री गरेको आरोप छ भने सिक्किम पुलिसले नाबालिकलाई दिल्लीबाट उद्धार गरेर फर्काइल्याएको थियो।

## राई मोर्चा उपाध्यक्ष पदबाट निष्कासित

**दार्जीलिङ, १८ मार्च।** गोर्खा जनमुक्ति मोर्चाको सिद्धान्त अनि आचारसंहिताविरूद्ध कार्य गरेको बताउँदै एल.बी. राईलाई मोर्चा केन्द्रिय समिति उपाध्यक्षको पदबाट निष्कासित गरिएको छ। पार्टीको अनुशासन, आचारसंहिता अनि सिद्धान्तविरुद्ध गएर राईले गोर्खाल्याण्डविरोधी दल तृणमूल कंग्रेससित साँठगाँठ राखेको अनि कतिपय पार्टीविरोधी कार्य गरेको प्रमाणित भएपछि नै गोजमुमो अध्यक्ष विमल गुरुङ र गोजमुमा केन्द्रिय समितिले तिनलाई निष्कासित गर्ने निर्णय लिएको मोर्चा महासचिव रोशन गिरीले बताए।

### 'जब् एक्सटेन्सन'माथि विधानसभामा विधायक आरएन चामलिङको प्रश्न

## 'जब् एक्सटेन्सन' रोक्नु हो भने सबैको सहयोग आवश्यकः मुख्यमन्त्री

**गान्तोक, १८ मार्च।** मुख्यमन्त्री तथा सदनका नेता पवन चामलिङले सदनमा पेश गरेका विभागीय अनुदान मागमाथि प्रश्न राख्ने क्रममा विधायक आरएन चामलिङले क्षमता विकास, जब् एक्सटेन्सन, कर्मचारीहरूको पदोन्नति, अवकाश ग्रहणको उमेर आदि विषयमाथि आफ्नो कुराहरू राखे। क्षमता विकासअन्तर्गत राज्यका युवाहरूलाई प्रशिक्षण दिएर राज्य बाहिर काम गर्न पठाइए पनि उनीहरूलाई नोकरीबाट निकालेपछि घर फर्केर आइरहेको कुरा सदनमा बताए। यस प्रकारको घटनाले अन्य युवाहरूमा नकारात्मक प्रभाव पर्नसक्ने उनले मन्तव्य प्रकट गरे। यसरी नै यस प्रकारको घटनालाई रोक्न सम्बन्धित विभागीय अधिकारीहरूले राम्ररी छानबीन गरी युवाहरूलाई राज्य बाहिर पठाउनु पर्ने सुझाउ दिए। यसरी नै विधायक राईले जब एक्सटेन्सनको विरोधमा बोल्दै यो नगरेकै राम्रो हो भने। उनले



उमेर पनि ५५ बनाएको खण्डमा युवाहरूलाई रोजगारमा फाइदा पुग्ने उनले विचार प्रकट गरे। जवाफमा मुख्यमन्त्री चामलिङले सर्विस सेक्टरमा कामको निम्ति दाम दिइन्छ भन्दै सरकारी नोकरी जस्तो काम नगरी तलब पाउँदैन भने। सर्विस सेक्टरमा काम नगरे कामबाट निकालिन्छ भन्दै युवाहरू काम नगरी तलब खान चाहने प्रवृतिबाट बाहिर आउनु पर्छ भने। युवाहरूको क्षमता विकासको निम्ति सरकारले २००३ मा क्षमता विकास कार्यक्रम शुरू गरेको, तर युवाहरू प्रशिक्षण प्राप्त गरेपछि पनि फेरि सरकारी नोकरीको निम्ति विभागतिर धाउने गरेको बताए। उनले यो प्रवृति रोक्नु आवश्यक छ भने। बेकारी समस्याको समाधान युवाहरूले नै खोज्नुपर्छ भन्दै युवाहरूलाई समय अनुसार तयारी गर्ने सुझाउ पनि दिए। सिक्किम आज देशमै सबैभन्दा अधिक म्यानपावर माग भएको राज्य हो, तर

दुई-चारजनाको जब् एक्सटेन्सन गर्दा बहुमतलाई प्रभाव परिरहेको उनले बताए। यसरी नै उनले ग्रुप-सी का ३९ जना कर्मचारी विगत ३६ वर्षदेखि एउटै पोस्टमा काम गर्दै आएको जानकारी गराउँदै सरकारबाट उचित कदम उठाउनु पर्ने सुझाउ राखे। उनले सरकारी कर्मचारीहरूको अवकास ग्रहणको राज्यका युवाहरूले यो माग पूरा नगर्दा राज्य बाहिरबाट यो माग पूरा भइरहेको बताए। जब् एक्सटेन्सनको विषयमाथि बोल्दै उनले जरूरी पर्दा रिइम्प्लोइमेन्ट गरिएको बताए। प्रजातन्त्रमा सबैको कुरा सुन्नु पर्ने हुन्छ र मान्नु पर्ने हुन्छ भन्दै यदि जब एक्सटेन्सन नगर्नु हो

▶रहल पाता २-मा

## सिलिण्डर पड्किएर भान्साघरमा लाग्यो आगो

**रम्फू, १८ मार्चः** आज बिहान दक्षिण सिक्किम मामरिङमा खाना पकाउने ग्यास सिलिण्डर पड्किँदा किचनमा ठूलो नोक्सानी भएको समाचार प्राप्त भएको छ। समाचार अनुसार सो घरकी गृहणीले बिहान खाना पकाउँदै गर्दा अचानक सिलिण्डर सकिएपछि नयाँ सिलिण्डर लगाउने क्रममा सिलिण्डरको सील खोल्दा सिलसँग भित्रको नोजल पनि निक्लेर ग्यास निस्कन थाल्यो। त्यसो हुँदा ऊनि आत्तिएर जस्ता को त्यस्तै छोडेर किचनबाट निस्केर भागिन्। केही समयपछि ठूलो आवाजसँगै सिलिण्डर विस्फोट भयो र किचनको समान छरपष्ट हुनको साथ आगो लाग्यो। स्थानीय नागरिकहरूको साथ रम्फू अग्निशमन विभागको वाहन र अधिकारीहरु मिलेर आगोलाई नियन्त्रित गरे। अचम्मको कुरो नोजल कसरी खुल्यो? सम्भवतः यो एलपीजी बोटलिङ प्लान्टमा नै तकनिकी खराबीको कारणले नोजल निस्केको त होइन? भनी आम नागरिकले शंका प्रकट गरेका छन्।



## स-साना राज्यको मागमा संयुक्त आन्दोलनको सहमति

**दार्जीलिङ, १८ मार्च।** साना राज्य निर्माणको पक्षमा आन्दोलित संगठनहरू गोर्खा जनमुक्ति मोर्चा, अल बोडो स्टुडेण्ट युनियन, नेशनल डेमोक्रेटिक फ्रण्ट अफ बोडोल्याण्ड, पिपल्स जोइण्ट एक्शन फर बोडोल्याण्ड मुभमेन्ट, बुन्देलखण्ड राज्य निर्माण संघर्ष समिति अनि विदर्भ राज्य अगाधिमाझ संयुक्त आन्दोलनको निम्ति सहमति भएको गोजमुमो महासचिव रोशन गिरीले जनाएका छन्। यस सहमतिपछि आउँदो १९ मार्च मुम्बईमा गोर्खाल्याण्ड, बोडोल्याण्ड, विदर्भ अनि बुन्देलखण्ड राज्यहरूको गठनको माग विषयमा नेशनल

**बैठकमा भाग लिन मोर्चा नेता गिरी र तामाङ मुम्बई प्रस्थान**

फेडरेशन फर स्मलर स्टेट-को आयोजनामा एउटा संयुक्त बैठक सम्पन्न हुने भएको छ जसमा भाग लिन गोजमुमो प्रतिनिधिको रूपमा रोशन गिरी अनि विनय तामङ मुम्बई प्रस्थान भएका छन्।

नेशनल फेडरेशन फर स्मलर स्टेट्सका चेयरम्यान तथा विदर्भ राज्य अगाधीका संस्थापक अध्यक्ष श्रीहरि एन्ने अनि कार्यकारी अध्यक्ष एस. सन्यालले केही दिनअघि छुट्टै राज्य निर्माणको पक्षमा संयुक्त आन्दोलनको प्रस्ताव राख्दै गोजमुमो अध्यक्ष विमल गुरुङलाई पत्राचार गरेको अनि गत १५ फरवरी असमको कोक्राझारमा यस विषयमा सहमति भएको गिरीले बताए। गोर्खाल्याण्ड र बोडोल्याण्डको माग जुन प्रान्तमा माग उठिरहेका छन् ती क्षेत्रहरूको संवेदनशीलता अनि भारतको सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै भारत सरकारले यथाशीघ्र यी दुइ राज्यहरू निर्माण गरिदिएको हुनुपर्छ साथै विदर्भ

▶रहल पाता २-मा

## बुर्तुकमा एसआरपी-ले उम्मेद्वार दिने

**गान्तोक, १८ मार्चः** नवगठित सिक्किम रिपब्लिकन पार्टी (एसआरपी)ले पनि अप्पर बुर्तुकको आगामी उपचुनाउमा उम्मेद्वार खड़ा गर्ने भएको छ। पार्टी अध्यक्ष केबी राईको अध्यक्षतामा आज पूर्व जिल्लाको तुम्लाबुङमा बसेको एउटा सभाले यो निर्णय लिएको हो। सभामा पार्टीका संसदीय एवं कार्यकारी समितिका सदस्यहरूको उपस्थिति रहेको थियो। यद्धपि, सिक्किम रिपब्लिकन पार्टीले आफ्नो उम्मेद्वारको नामको भने खुलासा गरिहालेको छैन।

अहिलेसम्म उपचुनाउको सम्भावित उम्मेद्वारहरूको सङ्ख्या पाँच पुगेको छ। दुईवटा राष्ट्रिय पार्टी सिक्किम प्रदेश कंग्रेस र भारतीय जनता पार्टीले पनि आफ्नो उम्मेद्वार खड़ा गर्ने घोषणा गरिसकेको छ। एसआरसीले जस्तै उक्त दुई पार्टीले पनि उम्मेद्वारको नाम भने घोषणा गरिहालेको छैन। अर्कोतिर, सत्ताधारी एसडीएफ पार्टीका उम्मेद्वार डीआर थापाले हिजो नामाङ्कण पत्र पनि भरिसकेका छन् भने स्वतन्त्र उम्मेद्वारको रूपमा नवीन प्रधानले आगामी २१ मार्चको दिन नमङ्कण भर्ने भएका छन्।

सिक्किम रिपब्लिकन पार्टीले आगामी २२ मार्चको दिन

▶रहल पाता २-मा

### गोजमुमोलाई झट्का

## मोर्चाका केन्द्रिय उपाध्यक्ष एलबी राई तृणमूल कंग्रेसमा सामेल



**मिरिक, १८ मार्च।** मोर्चा खेमामा ठूलो पैह्रो गएको छ। नगरपालिका चुनाउको मिति तय हुनसाथै मोर्चाका केन्द्रिय उपाध्यक्ष अनि मिरिकका राजनैतिक खेलाड़ी एलबी राई मोर्चा त्यागी तृणमूल कंग्रेसमा सामेल भएका छन्। यसरी नै अर्का ओजस्वी नेता जाप केन्द्रिय सहसचिव सन्दीप प्रधान, नगरपालिकाका पूर्व भायस चेयरम्यान खासमणि गुरूङ, नगरपार्षद वुमसाङ तामाङसितै ५ सय मोर्चा अनि गोरामुमो समर्थकहरू तृणमूल कंग्रेसमा सामेल। मोर्चाका केन्द्रिय उपाध्यक्ष एलबी राई मिरिक नगरपालिकामा तीनपटकसम्म चेयरम्यान रहिसकेका छन् भने भर्खरै समाप्त भएको बोर्डको नगरपार्षद पनि हुन्। गोरामुमोको शासनकालदेखि नै सक्रिय राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका राईले मोर्चा त्यागेपछि मिरिकमा मोर्चाको धरातल नै धस्किएको छ भन्दा नहोला। हिल तृणमूल कंग्रेस मिरिक ब्लक कमिटीको सभा आज मिरिक व्यवसायी भवनमा अनिल छेत्रीको सभापतित्वमा बसियो। सभामा जीटीएका चेयरम्यान तथा हिल तृणमूल कंग्रेस खरसाङ जोनल अध्यक्ष प्रदीप प्रधान, हिल तृकं अध्यक्ष राजेन मुखिया, तृकं प्रवक्ता विन्नी शर्मा जस्ता वरिष्ठ नेताहरूको विशेष उपस्थिति रहेको थियो। जीटीएले जनताको इच्छा-आकांक्षालाई पूरा गर्न नसकेको कारण आज पहाड़का भुक्तभोगी जनता विकल्पको खोजीमा रहेको एलबी राईले बताए। मिरिक नगरपालिका अधिनस्थ ७ वटा वार्डका वासिन्दाहरूको पूर्जा-पट्टाको दीर्घमियादी मागलाई राज्य सर-कारले पूरा गरिदिने वचन दिएको जानकारी गराउँदै उनले राज्य

▶रहल पाता २-मा

## योगी आदित्यनाथ बने उत्तर प्रदेशका मुख्यमन्त्री

**लखनऊ, १८ मार्चः** भाजपाका गोरखपुर लोकसभा सांसद योगी आदित्यनाथ उत्तरप्रदेशका नयाँ मुख्यमन्त्री भएका छन्। लखनऊमा शनिबार साँझ बसेको विधायकहरुको बैठकमा यो निर्णय लिइएको हो। तिनले भोली मुख्यमन्त्री पदको शपथ लिने केन्द्रिय मन्त्री वेङ्कैय्या नाइडुले प्रधानमन्त्री मोदी र भाजपा प्रमुख अमित शाहको उपस्थितीमा बताए।

भाजपा प्रदेश प्रमुख केशव प्रसाद मौर्य यस मुख्यमन्त्री पदको निम्ति प्रबल दावेदार मानिए पनि तिनलाई अनि पार्टीका राष्ट्रिय उपाध्यक्ष तथा लखनौ मेयर दिनेश शर्मालाई उप-मुख्यमन्त्री घोषणा गरिएको छ।



आइतबार हुने शपथ ग्रहण समारोहमा सिक्किम, आन्ध्रप्रदेश, नागाल्याण्ड अनि जम्मु कश्मिरका मुख्यमन्त्री र वरिष्ठ मन्त्रीहरुलाई आमन्त्रणा गरिएको छ।

योगी आदित्यनाथ १९९८ देखि गोरखपुरको लगातार लोकसभा

▶रहल पाता २-मा